जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १६४ | २०७८ साल माघ १४ गते शुक्रबार (28 Jan. 2022 Friday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता र सेवा प्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावली बमोजिमको कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : जग्गा खोज्दै मधेस प्रदेश... ३ पृष्ठमा : कस्तो रह्यो २०२१, ... ३ पृष्ठमा : अफगानिस्तानमा तीन अर्ब ...

# उद्योग व्यवसायीको विकासका लागि लगानीमैत्री नीति र वातावरण आवश्यक : मुख्यमन्त्री राउत



**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले उद्योग व्यवसायीको विकासका लागि लगानीमैत्री नीति र वातावरण आवश्यक रहेको बताएका छन् ।

सप्तरी उद्योग बाणिज्य संघको नवनिर्वाचित पदाधिकारीहरुको पदस्थापन तथा सपथग्रहण समारोहमा बिहीबार राजविराजमा बोल्दै उनले मुलुकको समृद्धि सँगसँगै उद्योग व्यवसायीको विकासका लागि नीजि क्षेत्रको पनि अहम भूमिका रहेको बताए ।

प्रदेश सरकारको तर्फबाट नीजि क्षेत्रका उद्योगि व्यवसायीको आकर्षणका लागि लिजमा जग्गा उपलब्ध गराउने विषय ऐनमा समावेश गरिने बताउदै उनले स्थापना भएका उद्योग क्षेत्रलाई "नो स्ट्राइक जोन" घोषणाका साथै सुरक्षा व्यवस्थाका र विद्युतमा सहुलियत दिने कुरा ऐनमा समावेश गरिने उल्लेख गरे ।

मुख्यमन्त्री राउतले विभिन्न कठिनाई पश्चात् प्रदेशको उद्योग ऐन ल्याइसकिएको र अब छिट्टै सो सम्बन्धमा नियमावली पनि पारित गर्ने जानकारी दिए ।

कार्यक्रममा मधेश प्रदेशका अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले आगामी दिनमा प्रदेश सरकारद्वारा स्वदेशमै आर्गेनिक मलको उत्पादन गर्ने तयारी समेत अघि बढेको जानकारी दिए । उनले उत्पादित मल किसानलाई ५० देखी ७५ प्रतिशतसम्म अनुदानमा उपलब्ध गराउने प्रतिबद्धता समेत जनाए ।

निजि क्षेत्रलाई प्रोत्साहन गर्न प्रदेश सरकारले छिट्टै लगानी मैत्री सम्मेलनको आयोजना गर्न लागेको जानकारी दिँदै अर्थमन्त्री साहले त्यसबाट प्रदेशमा उद्योग व्यवसायलाई फस्टाउने विभिन्न योजना तयार गरिने बताए ।

निवर्तमान अध्यक्ष अरुण प्रधान र नवनिर्वाचित अध्यक्ष लालु प्रसाद अग्रवालको पालैपालो अध्यक्षमा आयोजित समारोहमा उद्योग बाणिज्य संघका केन्द्रिय सदस्य गजेन्द्र भगत, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली, उद्योग बाणिज्य संघका पूर्वअध्यक्ष मनोज मुन्धडा, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, झापाका उद्योगि मोहन मित्तल, जसपा सप्तरीका अध्यक्ष केदार यादव लगायतले पनि शुभकामना दिँदै उद्योगि व्यवसायीहरुले भोग्नु परिरहेको समस्या र तीनको समाधान बारे आ-आफ्नो सुझाव दिएका थिए ।

सोही कार्यक्रममा मुख्यमन्त्री राउतले अन्तर्राष्ट्रिय खेलाडी उमेश कुमार यादव, होटल व्यवसायी सम्पत कोइलारा र पत्रकार बैजनाथ झालाई कदरपत्रसहित सम्मान गरेका थिए ।

# सप्तरीमा महिला भन्दा ३ हजार ३ सय ९२ ले पुरुषको जनसंख्या बढी

**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाले नेपालमा पुरुष भन्दा बढी महिलाको जनसंख्या रहेको देखाएको बेला सप्तरी जिल्लामा भने महिला भन्दा ३ हजार ३ सय ९२ ले पुरुषको जनसंख्या बढी रहेको देखाएको छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाले जिल्लामा कुल जनसंख्या ७ लाख ११ हजार ७ सय ५९ रहेको देखाएको छ । जिल्लामा पुरुषको संख्या ३ लाख ५७ हजार ५ यस ७५ र महिलाको संख्या ३ लाख ५४ हजार १ सय ८३ रहेको तथ्यांकले देखाएको छ ।

केन्द्रीय तथ्यांक विभागले बुधवार सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार जिल्लामा १ लाख २४ हजार ३ सय २४ घर संख्या रहेको उल्लेख छ । जसमा परिवार संख्या १ लाख ५१ हजार २ सय ९१ रहेको छ ।

सप्तरीका १८ स्थानीय तहमध्ये सबैभन्दा बढी जनसंख्या सप्तरी सदरमुकाम राजविराजमा नगरपालिकामा रहेको उल्लेख छ । राजविराजको कुल जनसंख्या ७१ हजार ९ सय ४६ उल्लेख छ । जसमा परिवार संख्या १५ हजार १ यस २१ रहेको छ । महिला ३६ हजार ९ सय ४२ र पुरुषको संख्या ३५ हजार ४ रहेको देखाइको छ ।

यसैगरी जनसंख्याको आधारमा कञ्चनरूप नगरपालिका दोस्रो रहेको छ । ५८ हजार ८ सय ८२ जनसंख्या कंचनरूप नगरपालिकामा रहेको उल्लेख छ । परिवार संख्या १२ हजार ६ यस ६२ रहेको छ । महिला २८ हजार ९ सय ४९ र पुरुषको संख्या २९ हजार ९ यस ३३ रहेको छ ।

यस्तै खड्क नगरपालिका जिल्लाको तेस्रो बढी जनसंख्या रहेको नगरपालिका कायम भएको छ । यो नगरपालिकाको जनसंख्या ५४ हजार १ सय ९३ रहेको छ ।

राष्ट्रिय जनगणना-२०७८ को प्रारम्भिक नतिजाअनुसार मुलुकको जनसङ्ख्या दुई करोड ९१ लाख ९२ हजार ४८० रहेकामा करोड ४९ लाख एक हजार १६९ जना महिला (५१.०४%) र एक करोड ४२ लाख ९१ हजार ३११ जना पुरुष (४८.९६%) रहेका छन् ।

# मन्त्री यादवलाई बर्खास्त गरि गिरफ्तार गर्न भन्दै प्रधानमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

संविधान सभा सदस्य रन्जित कुमार कर्णले भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु कुमारी यादवलाई बर्खास्त गर्न माग गर्दै बिहीबार प्रधानमन्त्री कार्यालयलाई ज्ञापन पत्र बुझाएका छन् ।

ज्ञापनपत्र बुझाएपछि नेता कर्णले गौर हत्याकाण्डको जिम्मा लिने गरि मन्त्री यादवले भाषणमा ज्यानै मार्ने धम्की समेत दिएकाले उनको मन्त्री पद खारेज गरि तुरुन्तै गिरफ्तार गर्न माग समेत गरे ।

मन्त्री यादवले गत माघ ५ गते गौरमा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतको ज्यानै मार्ने आशयको अभिव्यक्ति दिएको भन्दै नेवि संघका पूर्व अध्यक्ष समेत रहेका संविधान सभा सदस्य कर्णले सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतममार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका हुन् ।

डा. राउतको पार्टीले किसान आन्दोलनको नाममा गरेको गतिविधीप्रति लक्षित गरेर मन्त्री यादवले ज्यानसम्म मार्ने अभिव्यक्ति दिनु अन्तराष्ट्रिय मानवअधिकार सम्बन्धी मान्यताको खिल्ली उडाएको ज्ञापनपत्रमा उल्लेख छ ।

"नेपाल सरकार तथा सम्पूर्ण नेपालीको शिर न्युहुराउने लज्जाजनक अभिव्यक्तिप्रति घोर निन्दा एवं भर्त्सना गर्दछौं, प्रधानमन्त्रीलाई पठाइएको ज्ञापनपत्रमा भनिएको छ ।

***बाँकी तीन पृष्ठमा***




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# संयमता अपनाउ

किसानहरुको मुद्दालाई लिएर आन्दोलनमा उत्रेको डा. सिके राउत नेतृत्वको जनमत पार्टीले हाल आक्रमक रुपमा प्रस्तुत भइरहेको छ। हुन त आन्दोलनमा नेता कार्यकर्ताहरु आक्रमक रुपले प्रस्तुत हुन्छन् । तर, यसको अर्थ कुनै पनि राजनीतिक दललाई लक्षित गरेर आक्रमक हुनु होइन् । आफ्नो माग र मुद्दामा मात्र केन्द्रित भई आक्रमक भए आन्दोलनले सफलता पाउछ। हालै जनमतका कार्यकर्ताहरुको आक्रमक शैलीले प्रस्तुत हुनु आन्दोलनको नाममा मुठभेड निम्त्याउनु हो । यसका लागि संयमता आवश्यक छ। नेपालमा विगतका दिनहरुमा भएका आन्दोलनहरु संयमता अपनाएर गरिए र सो आन्दोलन मध्ये केहीले सफलता पनि पाए ।

यसरी कुनै एउटा राजनीतिक दललाई लक्षित गरेर गरिने आन्दोलनले मुर्त रुप पाउन कठिन छ। यस्तो अवस्थामा आन्दोलनका नेतृत्व वर्गले कार्यकर्ताहरुलाई सयमता अपनाउन निर्देशन दिनु आवश्यक छ। होइन भने आन्दोलनको नाममा अर्को स्वरुप परिवर्तन भयो भने यसले मुठभेड बाहेक केही निम्त्याउँदैन् । आन्दोलनको पनि केही सीमा र बन्देज हुन्छ। लाठी लिएर आन्दोलन गर्न नेतृत्व वर्गको कमजोरी हो । यस्ता अराजक गतिविधीलाई त्याग्न सकेमात्र आन्दोलन उपलब्धीमुलक हुन जान्छ।

आन्दोलन शान्तिपूर्ण र उद्देश्यमूलक हुनु आवश्यक छ। जसले गर्दा आन्दोलनमा थप उर्जा र समर्थन समेत पाउछ। तसर्थ आन्दोलनलाई उपलब्धीमूलक बनाउन पार्टीका नेतृत्व पंक्तिले आफ्नो माग र मुद्दप्रति मात्र लक्षित भएर गर्न सकिए सफलता हासिल गर्न सक्छ। यसका लागि सम्बन्धीत पार्टी गम्भिर हुनु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जग्गा खोज्दै मधेस प्रदेश सरकार

**राजु विश्वकर्मा**

जनकपुर, १३ माघ (रासस) ।

जनकपुरधाम स्थायी राजधानी भएपछि मधेस प्रदेश सरकारले आफ्नो प्रशासनिक तथा प्रदेशसभा सचिवालयको भवन निर्माणका लागि जग्गा खोज्न थालेको छ।

राजधानी क्षेत्रभित्र आफ्नो प्रशासनिक र प्रदेशसभा सचिवालय भवन निर्माणका लागि जग्गा खोजी गर्न प्रदेश सरकारले विज्ञ टोली गठन गर्न लागेको हो । प्रदेश सरकारको आफ्नै प्रशासनिक भवन नहुँदा जनकपुर चुरोट कारखाना लिमिटेडको परिसरमा रहेको भवन मर्मत सम्भार गरी आफ्ना काम/कारबाही सञ्चालन गर्दै आएको छ भने प्रदेशसभा सचिवालयको कार्यालय शैक्षिक तालिम केन्द्रको भवनमा सञ्चालन भइरहेको छ।

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश प्रमुखको कार्यालय र मन्त्रीको आवाससमेत रहेका जनकपुर चुरोट कारखाना परिसरको भवनलाई प्रदेश सरकारले नै 'मधेस भवन' नामकरण गरेको छ। प्रदेशसभा स्थापना भएको करिब ४ वर्षपछि यही माघ ३ गते प्रदेशको नाम मधेश प्रदेश र राजधानी जनकपुरधाम पारित भएसँगै प्रदेश सरकारले आफ्नो भवन र प्रदेशसभा सचिवालयका लागि जग्गाको खोजी सुरु गरेको प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिलामन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिनुभयो ।

प्रदेश सरकारको प्रशासनिक र आवास भवन तथा मातहतका कार्यालयको स्थायी संरचना निर्माणका लागि जग्गाको खोजी गरी अध्ययन प्रतिवेदन तयार गर्न छिट्टै विज्ञ टोली गठनको तयारी गरेको प्रवक्ता मन्त्री साहले बताउनुभयो । "हामीले प्रदेश सरकारको प्रशासनिक भवन निर्माणका लागि प्रदेश राजधानी क्षेत्रभित्र जग्गा खोजी गरिरहेका छौं", उहाँले भन्नुभयो," गठन हुने विज्ञ टोलीले उपयुक्त जग्गाको खोजी गरी कुन ठाउँमा कुन भवन बनाउने भन्ने सुझावसहितको अध्ययन प्रतिवेदन बुझाउँछ।" सो टोलीले बुझाउने प्रतिवेदनकै आधारमा डिपीआर तयार गरी भवन निर्माणको काम अघि बढाइने मन्त्री साहको भनाइ छ।

प्रदेश सरकारको मन्त्रालय, मन्त्रीको आवास भवन, मातहतका कार्यालयको स्थायी संरचना निर्माणका लागि जग्गा छनोट हुन नसकेपनि प्रदेश सरकारले बिगत तीन आर्थिक बर्षदेखि बजेट बिनियोजन गर्दै आएका छन् । तर प्रदेशको नाम र स्थायी राजधानी टुङगो लाग्न नसक्दा उक्त बजेट कार्यान्वयनमा आउन नसकेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ। प्रदेश सरकारले प्रशासनिक भवन निर्माणका लागि जग्गा खरिद गर्न गत आर्थिक बर्ष २०७६/७७ मा रु २५ करोड र चालू आर्थिक वर्ष २०७८/७९ मा रु चार करोड बजेट बिनियोजन गरेको छ। तर प्रदेशको राजधानी कहाँ हुने हो भन्ने अन्योलताका कारण जग्गा खरिद हुन नसकेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ।

अब प्रदेशको राजधानी जनकपुरधाम टुङगो लागेकाले भवन निर्माणका लागि जग्गा खोजीको कार्य भइरहेको र उपयुक्त जग्गा पाइएपछि खरिद गरिने योजना रहेको मन्त्री साहले बताउनुभयो । "प्रदेशको स्थायी राजधानी टुङगो नलागेसम्म स्थायी संरचना निर्माण गर्न कानुनी जटिलता भएकाले समस्या हुँदै आएको थियो", आन्तरिक मामिला तथा कानुनमन्त्री प्रमोदकुमार यादवले भन्नुभयो, "प्रदेशको नाम र राजधानी निश्चित् भएपछि स्थायी संरचना बनाउने बाटो खुलेको छ।" अब प्रशासनिक भवन, आवासलगायतका स्थायी संरचना निर्माणको काम अघि बढ्ने उहाँको भनाइ छ।

प्रदेश सरकारले प्रदेशको राजधानी सिमाक्षेत्रभित्रै जग्गाको खोजी गरिरहेको छ। यो बिचमा सरकारको प्रशासनिक भवन निर्माणका लागि जनकपुरधामस्थित प्रदेशसभा भवन अगाडि पोखरी छेउमा रहेको गुठीको जग्गा, कुबारामपुरमै एयरपोर्ट नजिकै दक्षिणमा रहेको जग्गा र मिथिला नगरपालिकाको ढल्केवर नजिकै करिब ५० बिघा सार्बजनिक जग्गासमेत हेरिसकेको छ । "जनकपुरधाम राजधानीअन्तर्गत उत्तरमा पूर्व-पश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, पश्चिममा मिथिला मध्यमा परिक्रमा सडक र दक्षिणमा नेपाल भारत सीमा क्षेत्रसम्म पर्छ", आर्थिक मामिलामन्त्री साहले भन्नुभयो, "राजधानी सिमाक्षेत्रभित्र जग्गा खोजी गरिरहेका छौं, करिब करिब धेरै ठाउँमा हामीले जग्गा हेरेका छौं।" ती जग्गामध्ये कुन ठाउँ उपयुक्त हुन्छ, ती कुराको सुझाब विज्ञ टोलीले दिन्छ, हामी त्यही आधारमा अगाडि बढ्छौं।"

आफ्नो स्थायी संरचनाको अभावमा प्रदेशस्तरीय अधिकाँश निकाय स्थापना गर्न नसकेको प्रदेश सरकारले छिटो जग्गा खरिद गरी स्थायी संरचना निर्माण गर्नुपर्ने प्रदेशसभा सदस्य रामअशिष यादवले बताउनुभयो। स्थायी राजधानीको टुङ्गो लागिसकेकाले अब विलम्ब

# 'अवकाश हुँदा पाउने सुविधामा पाँच प्रतिशत मात्र कर लाग्ने'


काठमाडौँ, १३ माघ (रासस) ।

सर्वोच्च अदालतले सरकारी कर्मचारीले अवकाश हुँदा पाउने सुविधासहितको रकममा पाँच प्रतिशत मात्र कर लाग्ने भएको छ। न्यायाधीशद्वय ईश्वर खतिवडा र नहकुल सुवेदीको संयुक्त इजलासले गत मङ्सिर २१ गते गरेको फैसलाको बुधबार सार्वजनिक भएको पूर्णपाठमा सो विषय उल्लेख छ।

यसअघि, सरकारले आयकर ऐन २०५८ बमोजिम अवकाश भएका कर्मचारीबाट १५ प्रतिशतका दरले करकट्टी गर्ने निर्णय गरेको थियो। उक्त निर्णयविरुद्ध राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीले अदालतमा परेको रिट दायर गरेका थिए। सोही विषयको फैसलामा अदालतले पाँच प्रतिशत मात्र कर लाग्ने निर्णय सुनाएको हो ।

कर्मचारीको अवकाश भुक्तानीको हकमा उक्त ऐनको दफा ६५ को उपदफा १ को खण्ड ख बमोजिम गणना गरिएको लाभमा ५ प्रतिशतका दरले मात्र कर कट्टी गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ। फैसलाको पूर्णपाठमा भनिएको छ, "निवेदकहरूले राष्ट्रिय बाणिज्य बैंक लिको अवकाश कोष योगदानमा आधारित भनी दावी गरेको र प्रत्यर्थीहरुले उक्त दाबीको इन्कार गरेको नदेखिएको स्थितिमा निवेदकहरूको अवकाश भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको देहाय (१) को व्यवस्था आकर्षित हुनु नपर्ने कुनै आधार तथा कारण देखिन आउँदैन।"

कर्मचारीको अवकाश हुँदा पाउने सुविधाबाट करकट्टी गर्दा आकर्षित हुनै नसक्ने आयकर ऐन, २०५८ को दफा ६५ लगाएकाले त्यस्तो निर्णय खारेज गरी सोही ऐनको दफा ८८ को १ को प्रतिबन्धात्मक वाक्यांशअनुसार ५ प्रतिशत मात्रै कर कट्टा गर्न भनिएको छ। सर्वोच्च अदालतको यो फैसलासँगै सरकारी कर्मचारीले अवकाश हुँदा पाउने सुविधासहितको रकममा पाँच प्रतिशत मात्र कर लाग्नेछ।



अनुरोधकर्ता : रुपनी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# कस्तो रह्यो २०२१, के सन् २०२२ मा खुशी फर्किएला ?

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ माघ ।**

विश्वमा यस वर्ष अर्थात सन् २०२१ मा बिभिन्न घटना भए । कोभिड महामारी, अफगानिस्तानमा फेरी भएको तालिबानकोउदय र कोभिडको घातक दोस्रो लहर जस्ता घटनाले विशेष स्थान पाएका छन् । मेलम्ची नदीमा आएको भयानक बाढी र यसको व्यापक क्षति पनि यसवर्ष मुख्य घटनाका रुपमा देखिएको छ ।

विश्वभरी यसवर्ष विभिन्न घटना भएका छन् । ति मध्ये केहि मुख्य घटनाले विशेष स्थान पाएका छन् । नयाँ भेरिअन्टका रुपमा देखिएको ओमिक्रोनले विश्वभर पहिलो घटनाका रुपमा प्राथमिकता पायो । दक्षिण अफ्रिकामा पहिलोपटक फेला परेको ओमिक्रोन भेरिअन्ट अहिलेसम्म भारतसहित ४० भन्दा बढी देशमा फैलिसकेको छ । छिमेकी मुलुक भारतमा कोरोनाभाइरसको नयाँ भेरिअन्ट ओमिक्रोनको संक्रमण एकैदिन एक्कासी पाँच गुनाले बढेको देखियो । अफगानस्तानमा तालिवानको उदय भएको घटनालाई दोस्रो स्थान दिइएको छ । दुई दशक लामो युद्धपछि अमेरिकाले फिर्ती प्रक्रिया पूरा गर्ने तयारी गरिरहँदा तालिबानले आफ्नो नियन्त्रण बढाउँदै लग्यो, सरकारलाई उनीहरूले विस्थापित गर्ने चिन्ता बढ्दै गएको देखियो । अफगानिस्तानमा तालिबानले आफ्नो पकड बलियो बनाउँदै लगेको गतिले कतिपयलाई आश्चर्य लागेको थियो ।

अफगान सरकारले पकड कायम राख्न संघर्ष गरिरहेका बेला तालिबान विद्रोहीहरू राजधानी काबुलमा प्रवेश गरेपछि राष्ट्रपति अशरफ गनी देश छोडेर पलायन भएका थिए । मुलुककमा अहिलेसम्मको सबैभन्दा ठुलो मेलम्ची बाढी मुख्य तेस्रो घटना मानिएको छ । जसमा अर्बौ रुपैयाँको क्षति भएको प्रारम्भिक आकलन गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखले बताएका छन् । असार पहिलो साता आएको बाढिले अतुलनिय क्षति पुग्यो । धेरै घरबारविहिन भए । आधुनिक इतिहासमा हालसम्म ब्योहोर्नु नपरेको अत्यन्तै ठुलो वहाव बेहोर्नुपऱ्यो । विश्व महाशक्ति अमेरिका बर्ष २०२१ मा दुइ कारणले चर्चामा रह्यो- राष्ट्रपतिमा जो बाइडेनको जीत र अघिल्ला राष्ट्रपति डोनाल्ड ट्रम्पको पालामा प्रहरीको गोलीले मारिएका अश्वेत नागरिक जर्ज फ्लायडको न्यायका लागि चलाइएको ब्ल्याक लाइभ म्याटर्स आन्दोलनका कारण । उसो त २०२१ को भारतको किसान आन्दोलन पनि दुइ तिहाइको मोदी सरकारलाई झुकाउन सक्षम भयो । उता श्रीलंकाको गृहयुद्धमा गोर्खा सैनिकको प्रयोग भएको समाचारले पनि उत्तिकै प्राथमिकता पायो । विश्वका अन्य कैयौं लडाईमा जस्तै श्रीलंकाको गृहयुद्धमा पनि भारतीय सेनामा कार्यरत कैयौं नेपालीहरू जीवनभरिका लागि चोट पाए ।

उक्त लडाईमा भारतीय सेनाका करिब १२ सय सैनिकहरू मारिएको विवरण छ । कोरोना महामारीकै बेलामा खोप वितरणमा एकप्रकारको बेथिति देखिएको थियो । कोरोनाभाइरस विरुद्धको खोप वितरणमा देखा परेको बेथितिले पनि चर्चा पायो । संयुक्त अधिराज्यको राजधानी लन्डनमा एक व्यक्ति बगैंचामा आराम गरीरहेका बेला एउटा विमानबाट खसालिएको मानव मलमूत्र उनकै सरिरमा छरपस्ट भयो । जुलाई महिनाको मध्यतिर भएको त्यो घटना काउन्सिलको बैठकमा छलफल भएपछि बल्ल चर्चामा आएको थियो । यस्तै संसारकै सबैभन्दा प्रदूषितमध्येको एक सहर बेइजिङले आधाभन्दा बढी भूभागको मौसममा कृत्रिम परिवर्तन ल्याउदै गरेको समाचारले पनि निकै चर्च पायो । उता अफगानिस्तानका अधिकारीहरूलाई उद्धृत गरिएका विवरणहरूमा राष्ट्रपति अशरफ गनीले देश छोडेको खबर पनि चर्चित बन्यो । सरकारको तर्फबाट तालिबानसँग वार्ताका लागि जिम्मेवार निकायका प्रमुख डा. अब्दुल्लाह गनीले देश छोडेको पुष्टि गरेका थिए । यस्तै जर्मनीमा एक नर्सले कोभिड खोप भनेर आठ हजार जनालाई नुनपानी लगाइदिइन् । यो घटना गत मार्च र अप्रिलमा खुलासा भयो । बिबिसीका अनुसार नर्थ सी नजिकै फ्रिसल्यान्डस्थित खोप केन्द्रमा भएको उक्त घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ । सन् २०२१ को सुरुदेखि विश्वका विभिन्न देशमा कोरोना भाइरसविरुद्ध खोप अभियान थालिएसँगै आशा पलाएको थियो । नेपालले पनि यो वर्षको सुरुमा नै खोप अभियान थालेको थियो ।

वर्षैभरि कोरोनाभाइरस महामारी, त्यसका नयाँ भेरिअन्टका चर्चा धेरै भए । उसो त ओमिक्रोनको चर्चा नेपाल सहित विश्वभर बढ्दैछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २ जना संक्रमित नेपालमा भेटिएको पुष्टि गरेको छ । सामाजिक दूरी, मास्कको प्रयोगलगायत जनस्वास्थ्यका मापदण्डको पालनामा फेरि कडाइ गर्नुपर्ने सुझाव विज्ञहरूले दिइरहेका छन् । फेरी लकडाउन हुने होकि भन्ने त्रास पनि बढेको छ । यससँग सम्बन्धित समाचारले विशेष प्राथमिकता पाइरहेका छन् । कोभिडको घातक दोस्रो लहर खेपेको विश्व फेरी वर्षको अन्त्यतिर पहिलो पटक दक्षिण अफ्रिकामा भेटिएको ओमिक्रोन भेरिअन्टको त्रासमा छ । एबिसि न्यूजबाट

### *मन्त्री यादवलाई ...*

२०६३ चैत ७ गते गौरमा तत्कालिन मधेशी जनअधिकार फोरमले नेकपा माओवादीका २७ जना कार्यकर्ताको विभत्स हत्या गरेकोलाई नियोजित नभई "भवितव्य" भन्दै आएका वर्तमान जसपाका अध्यक्ष उपेन्द्र यादवलाई गलत साबित गर्दै पुनः त्यस्ता घटना घटाउने र त्यसमा राउत मारिन सक्ने भन्ने मन्त्री यादवको अभिव्यक्ति आपराधिक भएको ज्ञापनपत्रमा जिकिर छ ।

यसैबीच कर्णले यस घटनाको बारेमा बिहीबारै जिल्ला प्रहरी कार्यालय रौतहटमा हुलाक मार्फत जाहेरी समेत पठाएको जानकारी समेत दिए ।


मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


## विश्व समाचार

### अफगानिस्तानमा तीन अर्ब ६० करोड अमेरिकी डलर बराबरको मानवीय सहायता आवश्यक : राष्ट्रसंघ

संयुक्त राष्ट्रसङ्घ, १३ माघ (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घले अफगानिस्तानमा अहिले तत्काल करिब तीन अर्ब ६० करोड अमेरिकी डलर बराबरको मानवीय सहयताको खाँचो रहेको जनाएको छ ।

हाल संयुक्त राष्ट्रसङ्घको समूहले अफगानिस्तानमा मानवीय सहयता वितरणको कार्य सुरु गरेको छ र त्यसका लागि कम्तीमा पनि तीन अर्ब ६० करोड अमेरिकी डलर बराबरको सहायताको खाँचो रहेको आँकलन गरेको हो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिककका अनुसार हाल अफगानिस्तानमा संयुक्त राष्ट्रसङ्घको एक समूहले मानवीय सहयताको वितरण गरिरहेको छ ।

यो सहयोग अहिले अरु केही नभएर मानिसका लागि आधारभूत खाद्यान्न, उनीहरुलाई न्यानो कपडा र आधारभूत औषधिमुलो रहेको बताइएको छ ।

यही जनवरीको सुरुमा संयुक्त राष्ट्रसङ्घले यस वर्षका लागि कम्तीमा पनि चार अर्ब ४० करोड अमेरिकी डलर बराबरको मानवीय सहायता वितरण गर्नुपर्ने योजना बनाएको थियो ।

त्यसबाट नै अहिले तत्कालै कम्तीमा तीन अर्ब ६० करोड अमेरिकी डलर बराबरको सह याताको खाँचो परेको हाल अफगानिस्तानमा सहयोग वितरण गरिरहेको संयुक्त राष्ट्रसङ्घको समूहले जनाएको हो ।

यहाँ तालिबानको शासन सुरु भएपछि वैदेशिक सहायता आएको छैन । जसका कारण यहाँका नागरिक आधारभूत खाना, औषधि तथा न्यानो कपडाबाट पनि बञ्चित हुन पुगेका बताइएको छ ।

### दक्षिण कोरियामा एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै कोरोना संक्रमित

सोल, १३ माघ (रासस/सिन्ह्वा) ।

दक्षिण कोरियामा कोरोना भाइरसको महामारी सुरु भएयताकै एकै दिनमा सबैभन्दा धेरै भाइरस सङ्क्रमित देखिएका बताइएको छ ।

दक्षिण कोरियाका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार अहिले एकैदिनमा १४ हजारभन्दा बढी सङ्क्रमित देखिएका छन् । यो सङ्क्रमण संख्या यहाँ कोरोना भाइरसको महामारी सुरु भएयताकै सबैभन्दा धेरै भएको बताइएको छ ।

यहाँका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको २४ घन्टामा १४ हजार ५७१ सङ्क्रमित थपिएका छन् । यहाँ अहिलेसम्ममा दैनिक सङ्क्रमित भएकामध्ये पछिल्लो २४ घण्टामा सङ्क्रमितको संख्या सबैभन्दा धेरै देखिएको बताइएको छ ।

उनीहरुका अनुसार दक्षिण कोरियामा पछिल्लो २४ घण्टामा यी सङ्क्रमितसहित कोरोना भाइरसबाट सङ्क्रमित भएकाको कुल संख्या सात लाख ७७ हजारभन्दा बढी पुगेको छ ।

कोरियाली रोग नियन्त्रण केन्द्रले बिहीबार सार्वजनिक गरेको विवरणअनुसार दक्षिण कोरियामा कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट धेरै मात्रामा फैलिएको छ ।

यहाँ पछिल्ला दिनमा ओमिक्रोन भेरियन्ट फैलिनुका साथै अस्पताल भर्ना हुनेको संख्या पनि बढेको कोरियाली रोग नियन्त्रण केन्द्रले जानकारी दिएको छ ।

यहाँ सबैभन्दा बढी राजधानी सोलमा देखिने गरेका छन् । त्यस्तै बाहिरबाट आएका नागरिकमा सङ्क्रमण देखिने पनि गरेको बताइएको छ ।

यहाँ गएको २४ घन्टामा ३४को निधन पनि भएको छ । यहाँ अहिलेसम्म यो सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको संख्या छ हजार ६५४ जना पुगेको पनि बताइएको छ ।

### भारतमा दैनिक संक्रमितको संख्यामा फेरि वृद्धि

नयाँदिल्ली, १३ माघ (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि भएको छ ।

बिहीबार बिहान सार्वजनिक गरिएको विवरणअनुसार भारतमा थप दुई लाख ८६ हजार ३८४ नयाँ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

यसै समयमा भारतमा कोरोना सङ्क्रमणबाट ५७३को मृत्यु भएको छ । यसैसँगै भारतमा कोरोना शुरु भएदेखि हालसम्म चार लाख ९१ हजार ७०० व्यक्तिको मृत्यु भएको छ । भारतमा अहिले सक्रिय सङ्मितको सङ्ख्या २२ लाख दुई हजार ४७२ रहेको छ ।

कुल सङ्क्रमितमध्ये ९३.२३ प्रतिशत अहिलेसम्म सङ्क्रमणमुक्त भइसकेका छन । तीमध्ये तीन लाख छ हजार ३५७ पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्त भएका छन् । यसैसँगै कोरोना शुरु भएदेखि हालसम्म सङ्क्रमण मुक्त हुनेको संख्या तीन करोड ७६ लाख ७७ हजार ३२८ पुगेको छ ।

# जनमत पार्टीका कार्यकर्तामाथि कारवाही गर्न निर्देशन

जनकपुर, १३ माघ (राससं)।
मधेस प्रदेशको राजधानी जनकपुरधाम आउनुभएका जनप्रतिनिधिको सवारी साधनमा तोडफोड गर्ने जनमत पार्टीका कार्यकर्तामाथि कारवाही गर्न प्रदेश सरकारले निर्देशन दिएको छ।

मधेस प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले बुधबार बेलुकी प्रेस विज्ञप्ति जारी गरी राष्ट्रियसभा निर्वाचनका लागि मतदान गर्न जनकपुरधाम आउनुभएका जनप्रतिनिधिका सवारी साधनमा गरिएको तोडफोड एवं हिंसाजन्य गतिविधिप्रति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको बताउनुभएको छ।

पूर्व घोषित विरोधका कार्यक्रम नरहेको अवस्थामा पनि जनमत पार्टीका कार्यकर्ताले प्रदेशसभा सदस्य अशोक यादव, हरिवन नगरपालिकाका प्रमुख, उपप्रमुख, जलेश्वर अस्पतालका मेसु डा सतिश साहलगायतका सवारी साधन तोडफोड गर्नाका साथै साङ्घातिक आक्रमण गरेको घटनाको वास्तविक छानबिन गरी सम्बन्धित जनप्रतिनिधि एवं चिकित्सकलाई क्षतिपूर्ति उपलब्ध गराउन एवं दोषी उपर कारबाही गर्न तालुक निकायलाई निर्देशित गरिएको विज्ञप्तिमा उल्लेख छ।

घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै लोकतान्त्रिक मूल्य र मान्यतामा विश्वास राखी अहिंसात्मक तवरबाट आफ्नो विचार एवं अभिमत प्रकट गर्नसमेत जनमत पार्टीलगायत सम्बद्ध सबैमा उहाँले आग्रह गर्नुभएको छ।

यसैबीच मधेस प्रदेशमा राष्ट्रियसभाको निर्वाचन बिथोल्न खोजेको आरोपमा जनकपुरधामबाट पक्राउ परेका जनमत पार्टीका सात कार्यकर्तामाथि प्रहरीले कानुनी कारवाही अघि बढाउने भएको छ। जनमतका कार्यकर्ताहरूले किसान आन्दोलनको नाउँमा बाँसको भाटासहित मतदान स्थलमा प्रवेश गर्न खोज्दा प्रहरीसँग झडप भएको थियो।

# समायोजन भएका कर्मचारी सङ्घमा फर्काउन नपर्ने आदेश

काठमाडौँ, १३ माघ (रासस)।
सर्वोच्च अदालतले नेपालको संविधान जारी भए पनि सरकारले गरेको कर्मचारी समायोजनलाई कानूनसम्मत भएको उल्लेख गर्दै समायोजन भएका कर्मचारीलाई पुनःसङ्घीय निजामती सेवामा फर्काउन नपर्ने निर्णय गरेको छ। न्यायाधीश डा आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल र नहकुल सुवेदीको पूर्ण इजलासले बुधबार समायोजन भएर प्रदेश र स्थानीय तहमा गएका कर्मचारीलाई सङ्घमा ल्याउन नपर्ने फैसला सुनाएको हो।

"समायोजित भई प्रदेश र स्थानीय तहमा गएका कर्मचारीको हकमा फराकिलो वृत्तिविकासको अवसरको सुनिश्चितता, वर्गीकृत भौगोलिक क्षेत्रको कार्यानुभव प्राप्त गर्न पाउने अवसरको उपलब्धता गराउनु", फैसलामा भनिएको छ, "त्यसको अभिलेख व्यवस्थापन तथा समायोजनका सम्बन्धमा देखापरेका गुनासोको सम्बोधनलगायत सकारात्मक उत्प्रेरणाका लागि आवश्यक नीतिगत कानूनी र व्यवस्थापनीय प्रबन्ध गर्नु।"

त्यस्तै सर्वोच्च अदालतले लोकसेवा आयोगबाट विज्ञापन गरिएको पदको अन्तिम नजिता रोक्ने सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गत भदौ ३ गतेको निर्णय बदर गरी विज्ञापनको परीक्षाफल प्रकाशित गर्न आदेश जारी गरेको छ। अदालतले स्थगित गरिएका विज्ञापनको परीक्षाफल प्रकाशन गर्नेसमेत कार्य यथाशीघ्र गर्नु भनी सरकारका नाममा परमादेश गरेको छ।

# थप आठ हजार १७ मा संक्रमण पुष्टि

काठमाडौँ, १३ माघ (रासस)।
देशभर पछिल्लो २४ घण्टामा थप आठ हजार १७ मा कोरोना संक्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा २१ हजार ८०८ को नमूना परीक्षण गरिएको थियो।

पन्ध्र हजार ७३६ को पीसीआर र ६ हजार ७२ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। गत २४ घण्टामा पाँच हजार २९२ कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमणमुक्त हुनेको संख्या आठ लाख ३७ हजार चार पुगेको छ। निको हुने दर ८९ दशमलव एक प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा नौ लाख ३९ हजार २६७ र एन्टिजेन विधिबाट परीक्षण गरिँदा एक लाख २२ हजार ८३८ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ५१ लाख ८५ हजार ७०४ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या नौ लाख ४७ हजार ३१७ पुगेको छ। कूलमा संक्रमण दर १८ दशमलव एक प्रतिशत छ।

कोभिडविरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा पाँच लाख ५४ हजार ५६६ रहेको छ। हाल सक्रिय संक्रमितको संख्या ९० हजार ५७६ रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट १५ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६८७ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ। प्रति १० लाख जनसंख्यामा मृत्युदर ३८४ दशमलव सात रहेको छ।

हाल भेन्टिलेटरमा रहनेको संख्या ४९ र आइसियुमा २५७ रहेको छ। होम आइसोलेसनमा ८८ हजार ६४२, संस्थागत आइसोलेसनमा एक हजार ९३४ र क्वारेन्टिनमा १४९ जना रहेका छन्। हाल देशभरमा ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, सप्तरी, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, नुवाकोट, कास्की, नवलपरासी पूर्व, तनहुँ, बाँके रुपन्देही, दाङ र कैलाली रहेका छन्। दुई सयभन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लामा पर्सा, बारा, महोत्तरी, सलार्ही, सिरहा, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, दोलखा, गोरखा, स्याङ्जा, बागलुङ, पाल्पा, गुल्मी, बर्दिया, सुर्खेत र कञ्चनपुर छन्। शून्य संक्रमित रहेका जिल्ला कुनै पनि नभएको मन्त्रालयले जनाएको छ।

उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा ३८ हजार ८५९, ललितपुर १० हजार ३९० र भक्तपुरमा पाँच हजार ६१४ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ।

राजबिराजनगरपालिका
६ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश,प्रदेश,नेपाल

visit Nepal 2020

पत्र संख्या : २०७८/०७९
चलानी नं.: ४६३

मिति :-२०७८।१०।१२

बिषय :- उपभोक्ता समिति गठन गर्ने सम्बन्धमा।

श्री

उपरोक्त सम्बन्धमा चालु आ.ब. २०७८/०७९ को नगरशभा बाट पारित नगरस्तरिय योजना मध्ये यस राजबिराज नगरपालिका वडा नं. ६ अन्तर्गत खरसाल ढिहवार मन्दिरमा निर्माण कार्य गर्न का लागि उपभोक्ता समिति गठन गर्नु पर्ने भएको हुदा सो देहाई बमोजिमको मिति, समय र स्थानमा सम्पुर्ण वडा बासी भाई उपभोक्ता समिति गठन गर्नु पर्ने भएकाले सम्पुर्ण वडा बासीलाई सहभागी भई दिनहुन जानकारी साथ अनुरोध छ।

मिति :- २०७८।१०।२० बिहीबार
समय :- बिहान को ८:०० बजे
स्थान :- खरसाल डिहवार बाबा मन्दिर प्रागंणमा

२०७८।१०।१२

प्रेम कुमार यादव
वडा अध्यक्ष

प्रेम कुमार यादव
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.६

# अनुमतिबिना तस्बिर/भिडियो सामाजिक सञ्जालमा प्रकाशन गरेमा कारबाही

काठमाडौँ, १३ माघ (रासस)।
गृहमन्त्रालयले सम्बन्धित व्यक्तिको सहमतिबिना कुनै प्रकारको तस्बिर र भिडियो खिच्न तथा तिनलाई सामाजिक सञ्जालमा प्रकाशन गरेमा कारबाही हुने चेतावनी दिएको छ।

मन्त्रालयले बिहीबार एक सूचना जारी गरी सम्बन्धित व्यक्तिको अनुमतिबिना तस्बिर खिचेर र 'भिडियो' बनाएर निजलाई जानकारी नै नदिई सहमति/अनुमतिबिना सामाजिक सञ्जालमा प्रकाशन गर्ने जोसुकैलाई प्रचलित कानूनबमोजिम कारबाही हुने जनाएको छ।

सार्वजनिकस्थलमा ख्यालठट्टाका नाममा गोप्यरूपमा भिडियो तयार गरी तिनलाई सामाजिक सञ्जालमा राख्ने गरिएको गुनासो मन्त्रालयलाई प्राप्त भएकाले सर्वसाधारणलाई शारीरिक तथा मानसिक सास्ती दिनेजस्ता गतिविधि नगर्न गृहमन्त्रालयले सम्बद्ध सबैलाई सचेत गराएको छ।

सार्वजनिकस्थलमा गरिएका भद्दा ख्यालठट्टाबाट पीडित व्यक्तिमा मानसिक तनाव उत्पन्न हुनसक्ने, वादविवाद र द्वन्द्व तथा सामाजिक सद्भाव एवं शान्ति सुव्यवस्थामा पर्नसक्ने नकारात्मक प्रभावका साथै व्यक्तिगत गोपनीयता र प्रतिष्ठामा पर्नसक्ने असरलाई दृष्टिगत गरी व्यक्तिको अनुमतिबिना व्यक्तिको तस्बिर र भिडियो नखिच्न तथा तिनलाई सामाजिक सञ्जालमा प्रकाशन नगर्न मन्त्रालयले सचेत गराएको हो।

**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।**

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं। गर्नै परेमा भेन्टिलेसन खुला राखौं।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*